（ネパール語）

# प्रहरी गस्ती “ज्यूङ्खाइ रेनराकु” लाई सहयोग गरिदिनु हुन हार्दिक अनुरोध गर्दछौं।



**“ज्यूङखाइ रेनराकु” अर्थात प्रहरी गस्ती भनेको प्रहरी चौकिका प्रहरी तपाईंहरूको घर दैलोमा भ्रमण गरी, तपाईंहरुको विचार र आवश्यकताहरु सोधेर त्यस क्षेत्रमा हुन सक्ने अपराध वा सवारी दुर्घटनाको रोकथाम गर्नको लागि उपयोगी जानकारी प्रदान गर्ने गतिविधि हो।**

## प्रहरीद्वारा बनाइएको “आवासीय जानकारी कार्ड” भर्नुहोस्।



पहिलो भ्रमण गर्ने बेलामा प्रहरीद्वारा बनाइएको “आवासीय जानकारी कार्ड” भर्नको लागि अनुरोध गर्दछौं। “आवासीय जानकारी कार्ड” मा आफ्नो नाम, ठेगाना र आपतकालीन सम्पर्क नम्बर इत्यादि भर्नुहोस्।

## प्रहरीद्वारा बनाइएको “आवासीय जानकारी कार्ड” केको लागि उपयोगी गरिन्छ?

तपाईंहरुले भर्नु भएको “आवासीय जानकारी कार्ड” आपतकालीन अवस्थाहरु जस्तै, “आगलागी वा भूकम्प इत्यादिबाट क्षति भएमा”, “परिवारका सदस्य कुनै अपराध वा सवारी दुर्घटना इत्यादिमा पर्नु भएमा” तपाईंहरुको परिवारलाई उचित समयमा सम्पर्क गर्नको लागि उपयोगी हुन्छ।समाजमा शान्तिको सु–व्यवस्था कायम राख्न गरिएको “आवासीय जानकारी कार्ड” र प्रहरी गस्तीको उद्देश्यलाई बुझ्नुभई, “आवासीय जानकारी कार्ड” मा आवश्यक विवरण भर्नमा सहयोग गरिदिनु हुन हार्दिक अनुरोध गर्दछौं।

टोकियो महानगरीय प्रहरी विभाग